# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १० गते २०२८ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वर्कशप तथा ट्रक पार्किङ्ग निर्माण कार्यको लागि बागमती अञ्चल, काठमाडौ जिल्ला, काठमाडौं नगर पञ्चायत वडा नं.२ (ख) अन्तरगतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व त्रिभुवन विश्वविद्यालय जाने बाटो, उतर यातायात संस्थान, काठमाडौं नगर पञ्चायत वार्ड नं.२ (ख) को कित्ता नं.८४,८५,९८,९७,९६ र पश्चिम तथा दक्षिण विष्णुमती नदी यति चारकिल्लाभित्रको कित्ता नं.९९,१००,१०१,१०२,१०३,१०४,१०५,१०६,१०७ १०८,१०९,११०,१११,११२,११३,११४ र ११५ को मालपोत रू १४०।६३ (एकसय चालीस रूपैयाँ त्रिसट्ठीपैसा) लागेको जम्मा जग्गा रोपनी ३५।।।२ (पैंतीस रोपनी चौध आना) को कित्ता - - - - - - - - - -१

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

690